# सडक विभागको

# प्रेश विज्ञप्ति

सडक विभाग, विकास सहायता कार्यन्वयन महाशाखाबाट विश्व बैंकको ऋण सहयोगमा स्तरोन्नति भइरहेको नागढुंगा-नौबिसे-मुग्लिंग सडकको विषयलाई लिएर एक अनलाइन मिडियामा केहिदिन अघि प्रकाशित समाचारप्रति सडक विभागको गम्भीर ध्यानाकर्षण भएको छ | उक्त मिडियामा प्रकाशित भए अनुसारको सडक विभाग र विश्व बैंक समेतले सडकको डिजाइन गर्दा पर्याप्त ध्यान नदिएको, सडक खनेर जताततै धराप बनाएको भन्ने समाचार निराधार र कपोलकल्पित छ |

आर्थिक बर्ष २०७८/७९ मा ठेक्का सम्झौता भइ निर्माण कार्य भइरहेको उपरोक्त सडकको डिजाइन कार्य अन्तर्राष्ट्रिय परामर्शदाताबाट भएको हो भने सडक निर्माण कार्यको सुपरिवेक्षण समेत अनुभवी अन्तर्राष्ट्रिय परामर्शदाताबाट भइरहेको छ | सडकको डिजाइन गर्दा नै सडकको स्लोप सबलीकरणमा पर्याप्त ध्यान दिइएको छ र समग्र सडकको दिगोपनालाई ध्यानमा राखी निर्माण सुपरिवेक्षण परामर्शदाताबाट आवश्यकता अनुसार थप सुधार /परिमार्जन गर्ने कार्य समेत भइरहेको छ | नागढुंगा-नौबिसे-मुग्लिंग सडकमा बिगतमा गएका पहिरोलाई समेत मध्य नजर गर्दै थप संवेदनशीलताका साथ योजना अघि बढाइएको छ |

२०८१ साल आसोज १०-१२ गते देशभरनै भएको आबिरल वर्षाको कारणले जनधनको अपुरणीय क्षति भएको व्यहोरा अवगतनै छ | उक्त समयमा देशका विभिन्न स्थानहरुमा हालसम्मकै अधिक वर्षा भएको हामी सबै जानकार नै छौं | जल तथा मौसम बिज्ञान विभागका अनुसार २५ स्थानमा Record breaking rainfall मापन गरिएकोमा थानकोट र गजुरी केन्द्र समेत रहेको छ | नागढुंगा-नौबिसे सडक खण्डको झ्याप्ले खोलामा भएको अप्रिय घटनाबाट सिंगो मुलुक नै स्तब्ध भएको अवस्था थियो तर त्यो अप्रिय घटना इन्जिनियरिंग कमि कमजोरीबाट नभई प्राकृतिक बिपत्तिबाट भएको थियो| झ्याप्ले खोलामा सिर्जित पहिरोजन्य बिनासको कारण मानिएको प्रोजेक्टको ०+६०० चेनेजमा हाल चालु रहेको योजनाबाट कुनै स्लोप काट्ने कार्य गरिएको छैन, अधिक पानी पर्दा माटो oversaturated भएर पहिरो खस्न गई दुर्घटना हुन पुगेको थियो जुन देशका अन्य कयौं भिरालो स्थानमा (मानवसृजित संरचना नभएका स्थानमा) समेत देख्न पाइन्छ |

मनसुन समाप्त भईनसकेकोले तत्कालिन समयमा कुनै कारणले सडक अवरुद्ध भएमा सडक सुचारु गर्न आवश्यक उपकरण सडकमा तैनाथ गरिएको थियो तर हरेक विपत्तिको कुनै मात्रा वा threshold सम्मको पूर्वानुमान वा पूर्व तयारी हुन्छ | आसोज दोश्रो साता भएको वर्षाको मात्रा र त्यसबाट उत्पन्न क्षति पूर्वानुमान गरिएभन्दा ठुलो र अधिक थियो फलस्वरूप झ्याप्ले खोला लगायत देशका विभिन्न स्थानमा समेत अकल्पनीय क्षति हुन पुग्यो | नागढुङ्गादेखि मुग्लिंग सडकमा गणना गर्न योग्य पहिरो नै ११३ भन्दाबढी स्थानमा रहेको र अन्य स-साना पहिरोहरु समेत गर्दा करिब ३०० भन्दा बढी स्थानमा एकैपटक पहिरो गएको थियो| ती सबै अवरोधहरु हटाइ देशकै लाइफलाइनको रुपमा रहेको र राजधानी जोड्ने सबै भन्दा भरपर्दो उक्त सडक पहिरो गएको १२ घण्टा भित्रै सुचारु गर्न सडक विभाग सफल रह्यो |

इन्जिनियर लगायत मानवीय क्षमताको एउटा सिमितता हुन्छ | विद्यमान नियम, कानुनको परिधी, प्रचलित अभ्यास, उपलब्ध प्रविधि, क्षमता, श्रोतसाधन (पुँजी) को आधारमा योजनहरु कार्यान्वयन गर्नु पर्ने हुन्छ र त्यसमा समग्र सडक विभाग हरदम प्रयत्नशील छ | मनोगत भावनामा बगेर सडक निर्माणको लागि खटिएको जिम्मेवार संस्था र मर्यादित दातृनिकायप्रति लक्षित आधारहिन तथ्यले समग्र निर्माण कार्यमा खटिएको समुहको मनोबल कमजोर गराउने हुनाले त्यस्ता समाचारहरु प्रेषित नगरिदिन हुन सडक विभाग अनुरोध गर्दछ |